# हस्तकला समाचार मुखपत्र

## नेपाल हस्तकला महासंघ

वर्ष १७ | आषाढ २०६७ | अंक १०८

## हस्तकला निकासी प्रबर्द्धनमा WTO र बैंकको सहयोगी भूमिका

*स्वदेशी सीप एवं श्रोत साधनको अधिकतम परिचालनबाट कम पूँजीमा घरेलु रुपमा संचालन गर्न सकिने उद्योगहरुमा हस्तकला उद्योग अग्र स्थानमा रहँदै आएको छ । यस क्षेत्रले धैरै मानिसहरुलाई स्वरोजगारको अवसर प्रदान गर्नुका साथै यसको निकासी व्यापारबाट विदेशी मुद्रा आर्जन भई देशको आर्थिक विकासमा समेत महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ । हस्तकलाको निकासी प्रबर्द्धनमा स्वदेशी एवं विदेशी नीतिगत व्यवस्थाले प्रभाव पारिरहेको हुन्छ । यसैगरी हस्तकला निकासी व्यापारलाई सहज एवं व्यवस्थित बनाउन बैंकको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ । यसै क्रममा हस्तकला व्यवसायमा संलग्न उद्यमी व्यवसायीहरुलाई हस्तकला निकासी प्रबर्द्धनमा विश्व व्यापार संगठन (WTO) र बैंकको सहयोगी भूमिका सम्बन्धमा समसामयिक जानकारी प्रदान गर्ने उद्देश्यले महासंघको वाणिज्य परिषद्द्वारा वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल इन्भेष्टमेन्ट बैंक लि. को सहयोगमा २०६७ जेष्ठ २८ गते काठमाडौंमा हस्तकला निकासी प्रबर्द्धनमा विश्व व्यापार संगठन (WTO) र बैंकको सहयोगी भूमिका विषयक जानकारीमूलक कार्यक्रमको आयोजना गरियो । कार्यक्रममा हस्तकला निकासी व्यवसायमा संलग्न करीब ३५ जनाको सहभागिता रहेको थियो ।*

प्रारम्भमा उपस्थित सबैलाई कार्यक्रममा स्वागत गर्दै यस महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वाले हस्तकला क्षेत्रको समग्र विकास एवं प्रबर्द्धनका लागि महासंघले समयसापेक्ष क्रियाकलापहरु संचालन गर्दै आएको चर्चा गर्दै हस्तकला ग्राम, हस्तकला प्रयोगशाला स्थापना लगायत हस्तकला प्रबर्द्धन सम्बन्धी अन्य क्षेत्रमा सहकार्यका लागि सरकारसंग पहल गर्दै आएको बताउनु भयो । यस क्रममा वर्तमान प्रतिस्पर्धी युगमा हस्तकलाको निकासी प्रबर्द्धनका लागि सम्बद्ध व्यवसायीहरु समसामयिक विश्व बजार एवं नीतिगत वस्तुस्थिति सम्बन्धमा सुसूचित रहनुपर्ने बताउँदै उहाँले हस्तकला निकासी प्रबर्द्धन सम्बन्धमा WTO को प्रावधान र बैंकको सहयोगी भूमिकाका सम्बन्धमा जानकारी प्रदान गर्न प्रस्तुत कार्यक्रम आयोजना गरिएको बताउनु भयो । सो क्रममा महासंघका उपाध्यक्ष एवं वाणिज्य परिषद्का सभापति श्री हरिबहादुर कार्कीले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै हस्तकला निकासी प्रबर्द्धनका लागि सम्बन्धित उद्यमी व्यवसायीहरुमा विश्वको समसामयिक वाणिज्य क्षेत्रको नीतिगत व्यवस्थाबारे



*हस्तकला निकासी प्रबर्द्धनमा WTO र बैंकको भूमिका सम्बन्धी कार्यक्रमको झलक*

जानकारी हुनु आवश्यक भएको बताउँदै कार्यक्रमबाट महत्वपूर्ण ज्ञान हासिल गरी आफ्नो व्यवसाय प्रबर्द्धन गर्न सहभागीहरुलाई आग्रह गर्नुभयो । तत्पश्चात नेपाल इन्भेष्टमेन्ट बैंक लि. का नायब महाप्रबन्धक श्री राजन अमात्यले निकासी सहजीकरणका

(बाँकी पृष्ठ २ मा ........)

### यस भित्र ...........

* आधारभूत ग्याँस वेल्डिङ्ग सम्बन्धी प्रशिक्षण
* केटुकीबाट रेसा निकाल्ने प्रशिक्षण
* पीपलको पातबाट रेसा निकाल्ने प्रशिक्षण
* B2B Meeting तथा ई कमर्श सम्बन्धी कार्यक्रम
* महासंघको सूचना तथा परिपत्र
* जिल्ला हस्तकला तथा वस्तुगत संघ गतिविधि
* अन्तर्राष्ट्रिय व्यापार मेला सम्बन्धी जानकारी
* जानकारी

## आधारभूत ग्यांस वेल्डिङ्ग सम्बन्धी प्रशिक्षण

*धातु मूर्तिकला उत्पादन तथा व्यवसायमा संलग्न उद्यमी, कलाकार तथा कालिगढहरुमा ग्यास वेल्डिङ्ग सम्बन्धी समयसापेक्ष सीप अभिबृद्धि गरी व्यवसाय प्रबर्द्धन गर्ने उद्देश्यले यस महासंघ र ललितपुर हस्तकला संघको संयुक्त आयोजनामा हस्तकला डिजाइन तथा विकास केन्द्रको व्यवस्थापन एवं औद्योगिक उर्जा व्यवस्थापन आयोजनाको सहयोगमा २०६७ जेष्ठ २५ देखि आषाढ ८ गतेसम्म ललितपुरमा आधारभूत ग्यांस वेल्डिङ्ग सीप सम्बन्धी प्रशिक्षण संचालन गरियो । उक्त प्रशिक्षणमा धातु मूर्ति उत्पादनमा संलग्न कलाकार एवं ढलाईमा संलग्न उद्यमी व्यवसायीहरु २५ जना उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो । प्रशिक्षणको क्रममा श्रोतव्यक्तिहरु श्री कमल मानन्धर र श्री माधव नकर्मीले ढलाई तथा वेल्डिङ्गको महत्व एवं वेल्डिङ्ग प्रक्रिया सम्बन्धी विषयगत जानकारी प्रदान गर्नु भएको थियो ।*

(बाँकी अंश पृष्ठ २ मा.............)

## हस्तकला निकासी प्रबर्द्धनमा WTO र बैंकको सहयोगी भूमिका (पृष्ठ १ को बाँकी अंश ..)

लागि सो बैंकबाट प्रदान गर्दै आएको सेवा, नीतिगत व्यवस्था एवं अन्य सहयोगी भूमिका सम्बन्धमा जानकारी प्रस्तुत गर्नुभयो । सो क्रममा उहाँले बैंकहरु नेपाल राष्ट्र बैंकले तय गरेको नीतिगत व्यवस्थाभित्र रही प्रतिस्पर्धी रुपमा लाग्नु पर्ने बाध्यता रहेको चर्चा गर्दै हस्तकला निकासी प्रबर्द्धनका लागि व्यवसायीहरुको अपेक्षाबारे जानकारी भएमा महासंघको सिफारीसमा हस्तकला व्यवसायीहरुका लागि सक्दो सहुलियत प्रदान गर्ने बताउनु भयो । यसै गरी कार्यक्रममा वाणिज्य तथा आपूर्ति मन्त्रालय, ENTRec Program का विज्ञ श्री शिवराज भट्टले WTO & Export of Nepalese Handicrafts, Opportunities & Challenges सम्बन्धी विषयगत प्रस्तुती गर्नुभयो ।

सो क्रममा उहाँले WTO सिद्धान्त एवं सम्झौता, नेपाल WTO मा प्रवेश हुनुको उद्देश्य, नेपालको आवश्यकता एवं प्रतिबद्धता, कार्यान्वयन वस्तुस्थिति, यसबाट नेपालको व्यापार एवं हस्तकलाको निकासी प्रबर्द्धनमा फाइदा, व्यापार प्रबर्द्धन उन्मुख पहल एवं आउने दिनमा गर्नुपर्ने प्रयास सम्बन्धमा सहभागीहरुलाई जानकारी गराइएको थियो । सो क्रममा सहभागीहरुले हस्तकला निकासीको सहज प्रबर्द्धनका लागि बैंकहरुबाट समयासापेक्ष सहुलियत एवं गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने, विश्व बजारमा नेपाली हस्तकलाको बजार सुनिश्चित गर्न र प्रतिस्पर्धी बनाउन, उपयुक्त नीतिगत व्यवस्था गर्न र विश्व बजारको वस्तुस्थिति सम्बन्धी समसामयिक जानकारी प्रदान गर्न सरकार सशक्त रुपमा लाग्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा महासंघका पदाधिकारी, कार्य समिति सदस्यहरु र पूर्व अध्यक्षको समेत उपस्थिति रहेको थियो । कार्यक्रममा हस्तकला निकासीकर्ता एवं व्यवसायीहरु गरी करीब ४० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रमको अन्तमा कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सहयोगी संस्थाहरु, श्रोतव्यक्तिहरु, सहभागीहरु लगायत सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्दै महासंघका उपाध्यक्ष एवं वाणिज्य परिषद्का सभापति श्री हरिबहादुर कार्कीले हस्तकलाको व्यवसायिक विकास एवं निकासी प्रबर्द्धनका लागि महासंघले आउने दिनहरुमा पनि उपयुक्त कार्य गर्दै जाने बताउनु भयो ।

## आधारभूत ग्यांस वेल्डिङ्ग सम्बन्धी प्रशिक्षण (पृष्ठ १ को बाँकी अंश ..)



*प्रशिक्षणमा प्रशिक्षकबाट ग्यांस वेल्डिङ्ग सम्बन्धी अभ्यास गराउँदै*

२०६७ आषाढ १४ गते यस महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वाको प्रमुख आतिथ्यमा ललितपुरमा आयोजित एक कार्यक्रमबीच उक्त प्रशिक्षणको समापन गरियो । सो कार्यक्रमको प्रारम्भमा स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको सह आयोजक संस्था ललितपुर हस्तकला संघका अध्यक्ष श्री रुपरत्न शाक्यले प्रशिक्षणको महत्व एवं उपादेयताबारेमा प्रकाश पार्नुभयो । सो क्रममा कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै महासंघको धातु वस्तु विकास उप समितिका संयोजक श्री सन्तकुमार शाक्यले धातु मूर्तिकला व्यवसाय प्रबर्द्धनमा ग्यास वेल्डिङ्गको महत्वपूर्ण भूमिका रहने चर्चा गर्दै प्रशिक्षणबाट सिकेको सीप व्यवहारमा उत्तारी व्यवसायिक लाभ उठाउन सहभागीहरुलाई आग्रह गर्नुभयो । उक्त अवसरमा महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वाले प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नुभयो । तत्पश्चात मन्तव्य व्यक्त गर्दै उहाँले उद्यमी व्यवसायीहरुमा समयसापेक्ष सीप एवं दक्षता अभिबृद्धि गरी गुणस्तरीय हस्तकलाको उत्पादनमा टेवा पुऱ्याउन प्रशिक्षणको आयोजना गरेको बताउँदै महासंघले सदस्य हस्तकला उद्यमी व्यवसायीहरुको हित उन्मुख प्रबर्द्धन कार्य गर्दै जाने बताउनु भयो । उक्त अवसरमा औद्योगिक उर्जा व्यवस्थापन आयोजनाका प्रमुख श्री कमल मानन्धर, श्रोतव्यक्ति श्री माधव नकर्मीले प्रशिक्षणको महत्व एवं उपयोगबारे प्रकाश पार्नु भएको थियो । यस क्रममा प्रशिक्षार्थीको तर्फबाट श्री अशोक शाक्यले प्रशिक्षण सम्ब( न्धमा आफ्नो अनुभव तथा प्रतिक्रिया व्यक्त गर्दै महासंघले समयसापेक्ष सीप प्रबर्द्धन कार्यक्रम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

अन्तमा प्रशिक्षण सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सह आयोजक, सहयोगी संस्था, श्रोतव्यक्ति, सहभागी एवं सम्बद्ध सबैमा धन्यवाद ज्ञापन गर्दै महासंघका उपाध्यक्ष एवं उद्योग परिषद्का सभापति श्री धर्मराज शाक्यले अगामी दिनहरुमा हस्तकला उद्योग प्रबर्द्धनका लागि उपयोगी गतिविधि संचालन गर्दै जाने बताउनु भयो ।

## केटुकीबाट रेसा निकाल्ने सीप प्रशिक्षण

*गाउँघरमा उपलब्ध हुने वनस्पतिलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरी अवसरबाट बन्चित महिलाहरुलाई स्वरोजगार तुल्याउने उद्देश्यले नेपाल हस्तकला महासंघद्वारा लघु, घरेलु तथा साना उद्योग विकास कोष र नेपाल घरेलु तथा साना उद्योग महासंघको सहयोगमा २०६७ जेष्ठ १६ देखि आषाढ १५ गतेसम्म सिन्धुपाल्चोकको बांसबारी-१ मा केटुकीबाट रेसा निकाल्ने, प्रशोधन गर्ने र धागो बाट्ने प्रशिक्षण संचालन गरियो । श्री कमल पन्थी मुख्य श्रोत व्यक्ति एवं श्री रामप्रसाद श्रेष्ठ सहायक श्रोतव्यक्ति रहेको सो प्रशिक्षणमा २० जना स्थानीय महिला उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो । प्रशिक्षणमा सहभागीहरुलाई स्थानीय स्तरमा उपलब्ध हुने केटुकीको सदुपयोग गरी त्यसबाट रेसा निकाल्ने, त्यसलाई प्रशोधन गर्ने तथा धागो बाट्ने सीप सिकाईएको थियो ।*

(बाँकी अंश पृष्ठ ३ मा............)

### केटुकीबाट रेसा निकाल्ने सीप प्रशिक्षण (पृष्ठ २ को बाँकी अंश ..)

स्थानीय समाजसेवी र बुद्धिजीवीहरुको उपस्थितिमा २०६७ आषाढ १६ गते बाहुनपाटी, बाँसबारी, सिन्धुपाल्चोकमा एक कार्यक्रमबीच सो प्रशिक्षणको समापन गरिएको थियो । कार्यक्रममा स्थानीय समाजसेवी श्री रामकृष्ण धितालले स्वागत मन्तव्य व्यक्त गर्दै प्रशिक्षणबाट स्थानीय महिलाहरुमा सीप विकासका साथै आय आर्जन गर्न सक्षम हुने बताउँदै सिकेको सीपको सदुपयोग गर्न अनुरोध गर्नुभयो । निकट भविष्यमा संचालन हुने उच्चस्तरको प्रशिक्षणमा पनि सक्रिय रुपमा सहभागी हुन उहाँले अनुरोध गर्नुभयो । उहाँले केटुकीबाट रेसा निकाल्ने मेसिनको लागि स्थानीय जिल्ला विकास तथा गा.वि.स. मा आफूहरुले पहल गर्ने बताउनु भयो ।

सो अवसरमा यस महासंघका कार्य समिति सदस्य एवं प्राकृतिक रेसा वस्तु विकास उपसमितिकी संयोजक श्रीमती दिव्यतारा तुलाधरले प्रशिक्षणको उद्देश्यमाथि प्रकाश पार्दै सो प्रशिक्षण रेसा निकाल्ने, प्रशोधन गर्ने र धागो बाट्ने गरी ३ चरणमा सम्पन्न गरिएको बताउनु भयो । यस क्रममा उहाँले निकट भविष्यमा सहभागीहरुमा रंगाई गर्ने, रंग संयोजन गर्ने र बुनाई गर्ने सीप अभिबृद्धि गर्न तत् सम्बन्धी प्रशिक्षण संचालन गर्ने कार्यक्रम रहेको बताउँदै सहभागी हुन आग्रह गर्नुभयो । साथै प्रशिक्षणबाट सिकेको सीपबाट तयार भएका वस्तुहरुको बजार प्रवर्द्धनका लागि महासंघद्वारा भविष्यमा आयोजना गरिने क्रेता बिक्रेता भेटघाट कार्यक्रममा समेत सहभागिताका लागि पहल गरिने उहाँले बताउनु भयो ।

सो अवसरमा सिन्धुपाल्चोक, बाँसबारी गा.वि.स. का सचिव श्री धनबहादुर गिरीबाट प्रशिक्षणमा सहभागीहरुलाई प्रमाणपत्र वितरण गरिएको थियो । यस क्रममा मन्तव्य व्यक्त गर्दै उहाँले स्थानीय महिलाहरुमा दक्ष सीप अभिबृद्धि गरी स्वरोजगार प्रदान गर्न यस प्रकारको प्रशिक्षण आयोजना गरेकोमा आयोजक संस्थालाई धन्यवाद ज्ञापन गर्दै सीप सिकेका महिलाहरुलाई केटुकीबाट रेसा निकाल्ने मेसिन उपलब्ध गराउन आफूले सक्दो पहल गर्ने बचनबद्धता व्यक्त गर्नुभयो ।




*महासंघकी कार्यसमिति सदस्य श्रीमती दिव्यतारा तुलाधर, प्रशिक्षणको उद्देश्यबारे प्रकाश पार्दै*

सहभागीहरुका अनुसार प्रशिक्षणबाट खेर गईरहेको श्रोतको सदुपयोग हुने, वातावरणीय सफाईमा सहयोग पुग्ने र सीपको प्रयोगबाट स्वरोजगारी भई आय आर्जन गर्न सक्षम हुने अपेक्षा गरिएको छ । कार्यक्रमको अन्तमा, स्थानीय समाजसेवी श्री गोविन्दप्रसाद नेपालले सो प्रशिक्षण आफ्नो गाँउघरमा संचालन भएकोमा खुशी व्यक्त गर्दै कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न संलग्न आयोजक, सहयोगी संस्थाहरु तथा सम्बन्धित सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।

## पीपलको पातबाट रेशा निकाल्ने सीप प्रशिक्षण

*नवोदित हस्तकलाको रुपमा पीपलको पातबाट रेसा निकाली बनाइएका हस्तकला वस्तुहरुको हिजोआज राम्रो बिक्री वितरण हुँदै आएको पाइन्छ । त्यसै खेर गईरहेको एवं विभिन्न स्थानमा स्थानीय रुपमा सहजै उपलब्ध हुने पीपलको पातबाट रेसा निकाली त्यसको प्रयोगबाट विभिन्न आकर्षक सजावटका वस्तुहरु जस्तैः ल्याम्प, नोटबुक, खाम, ग्रिटिङ्ग कार्ड, टेबुलम्याट लगायतका हाते कागजका वस्तुहरु तयार पारी अमेरिका, जर्मनी, बेलायत लगायत विभिन्न मलुकहरुमा निर्यात हुँदै आइरहेको छ । यस क्रममा महिला उद्यमीहरुको लागि पिपलको पातबाट रेसा निकाली वस्तु उत्पादन सम्बन्धी सीप प्रदान गरी स्वरोजगारको अवसर प्रदान गर्ने उद्देश्यले नेपाल हस्तकला महासंघको प्राकृतिक रेसा वस्तु विकास उप समितिद्वारा घरेलु तथा साना उद्योग विकास समिति र Sabah Nepal नामक संस्थाको सहयोगमा २०६७ जेष्ठ १८ देखि २१ गतेसम्म ललितपुरमा पीपलको पातबाट रेसा निकाल्ने प्रशिक्षण संचालन गरियो ।*



*प्रशिक्षार्थीहरू पीपलको पातबाट रेसा निकाल्ने अभ्यास गर्दै*

श्री विश्व घिमिरे श्रोत व्यक्ति रहनु भएको उक्त प्रशिक्षणमा १५ जना महिला उद्यमी व्यवसायीहरुको सहभागिता रहेको थियो । प्रशिक्षणको क्रममा सहभागीहरुलाई पीपलको पातबाट रेसा निकाल्ने, रंगाउने र त्यस्को प्रयोगबाट सजावटका हस्तकला उत्पादन गर्ने सीप सिकाइएको थियो ।

२०६७ आषाढ २९ गते महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वाको प्रमुख आतिथ्यमा ललितपुरमा एक कार्यक्रमबीच सो प्रशिक्षणको समापन गरियो । उक्त अवसरमा सबा नेपालका कार्यक्रम संयोजक श्री रविन अमात्यले स्वागत मन्तव्य दिंदै

(बाँकी अंश पृष्ठ ४ मा............)

## पीपलको पातबाट रेशा निकाल्ने सीप प्रशिक्षण (पृष्ठ ३ को बाँकी अंश ..)

प्रशिक्षणबाट महिला उद्यमी व्यवसायीहरुमा पीपलको पातबाट रेसा निकाल्ने सीप अभिबृद्धि भई आय आर्जन गर्न सक्षम हुने अपेक्षा गर्नुभयो । साथै भविष्यमा महासंघसँग सहकार्य गरी यस्तै सीपमूलक कार्यक्रमहरु संचालन गर्न सबा नेपाल इच्छुक भएको बताउनु भयो । सो अवसरमा प्रशिक्षणको उद्देश्यमाथि प्रकाश पार्दै महासंघका कार्य समिति सदस्य एवं प्राकृतिक रेसा वस्तु विकास उपसमितिकी संयोजक श्रीमती दिव्यतारा तुलाधर ले प्रशिक्षणबाट सिकेको सीपलाई व्यवहारमा उतार्न र आफ्नो व्यवसायलाई निरन्तर अगाडि बढाई आफूलाई एक सफल उद्यमीको रुपमा स्थापित गर्न आग्रह गर्दै भविष्यमा प्राकृतिक रेसा सम्बन्धी उच्चस्तरको सीप प्रशिक्षण संचालन गर्न पहल गर्ने बताउनु भयो ।

कार्यक्रममा यस महासंघका अध्यक्ष श्री विकासरत्न धाख्वाले प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीहरुलाई सहभागिताको प्रमाणपत्र वितरण गर्नु भएको थियो । सो क्रममा मन्तव्य व्यक्त गर्दै उहाँले सबा नेपालसँगको सहकार्यमा यस प्रशिक्षण संचालन भएकोमा खुशी व्यक्त गर्दै सिकेको सीपलाई व्यवसायिक रुपमा अघि बढाउन आग्रह गर्दै भविष्यमा महासंघद्वारा आयोजना गरिने क्रेता बिक्रेता एवं अन्य मेलाहरुमा सहभागी भई व्यवसायिक लाभ उठाउन सम्बन्धित सबैलाई आग्रह गर्नुभयो। सो क्रममा पीपलको पातबाट रेसा निकाल्ने सीप सिक्न पाएकोमा खुशी व्यक्त गर्दै सो सीपबाट आफूले थप सीप सिक्ने अवसर प्राप्त भएको तथा सो सीपलाई निरन्तरता दिने बताउनु भयो। प्रशिक्षणको विषयवस्तुबारे प्रशिक्षक श्री विश्व घिमिर र प्रशिक्षणको उपलब्धी सम्बन्धमा प्रशिक्षार्थीहरुको तर्फबाट मन्तव्य व्यक्त गर्नु भएको थियो ।




*पीपलको पातबाट रेसा निकाल्ने प्रशिक्षण शुभारम्भको झलक*

## B2B Meeting तथा ई कमर्श सम्बन्धी कार्यक्रममा सहभागिता

विभिन्न जिल्लाहरुमा उत्पादित हस्तकला वस्तुहरु अवलोकन गर्नुका साथै तहाँका उत्पादक उद्यमी व्यवसायीहरु र क्रेताहरुबीच भेटघाट गरी तिनको बजार प्रबर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल घरेलु तथा साना उद्योग महासंघद्वारा लघु, घरेलु तथा साना उद्योग विकास कोषको सहयोगमा पोखरा र बन्दिपुरमा व्यवसाय प्रबर्द्धन भेट (B2B Meeting) कार्यक्रमको आयोजना गरिएको थियो। २०६७ जेष्ठ ७ देखि १० गते सम्म आयोजित उक्त कार्यक्रममा यस महासंघकी कार्य समिति सदस्य एवं हस्तकला डिजाइन तथा विकास केन्द्रकी प्रबन्ध समिति सदस्य श्रीमती मलिका श्रेष्ठ र केन्द्रकी लेखापाल सुश्री रजना शाक्य सहभागी हुनु भएको थियो । उक्त अवसरमा कार्यक्रममका सहभागीहरु र स्थानीय उद्यमी व्यवसायीहरुलाई विद्युतीय संचार माध्यमबाट व्यापार संचालन एवं प्रबर्द्धन गर्न ई कमर्स सम्बन्धी प्रशिक्षण प्रदान गरिएको थियो ।

## महासंघको सूचना तथा परिपत्र

### हस्तकला प्रवर्द्धन सप्ताह २०६७ आयोजना ।

विभिन्न विधाका नवोदित हस्तकला वस्तुहरुको प्रवर्द्धनका साथै क्रेता तथा विक्रेताहरुबीच व्यवसायिक सम्बन्ध विकास गर्ने उद्देश्यले यस महासंघद्वारा गत वर्ष झैं यस वर्ष यही २०६७ मंसिर २२ देखि २८ सम्म **हस्तकला प्रवर्द्धन सप्ताह** आयोजना गरिन लागेको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ ।

सो अवसरमा उत्पादक एवं उद्यमीहरुको उत्पादनहरू प्रदर्शन गरी तिनको बजार प्रबर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले तल उल्लेखित तालिका बमोजिम वस्तुहरुको प्रदर्शन गरिने छ र सम्बन्धित क्रेता एवं उत्कृष्ट निर्यातकर्ताहरुलाई अवलोकन एवं कार्यक्रममा सहभागिताका लागि आमन्त्रण गरिने छ ।

| क्र.सं. | विवरण | मिति | क्र.सं. | विवरण | मिति |
|---|---|---|---|---|---|
| १ | सुनचाँदी गरगहना र वस्तुहरु | २०६७ मंसिर २२ | ४ | धातुका मूर्ति तथा वस्तुहरु | २०६७ मंसिर २६ |
| २ | सुती, उनी तथा फेल्टका वस्तुहरु | २०६७ मंसिर २३ | ५ | पौभा, प्रस्तरकला र काष्ठकलाका वस्तुहरु | २०६७ मंसिर २७ |
| ३ | प्राकृतिक रेसाका वस्तुहरु | २०६७ मंसिर २४ | ६ | पश्मिना, हाते कागज र सेरामिक्स्का वस्तुहरु | २०६७ मंसिर २८ |

यस हस्तकला प्रवर्द्धन सप्ताहमा विशेषत: नौलो एवं नवोदित डिजाइनका वस्तुहरुको सहभागिताका लागि प्राथमिकता दिईनेछ। अत: सो प्रदर्शनीमा नवोदित डिजाइन एवं वस्तुहरुलाई ग्राहयता दिने हुँदा सो समयसम्म आफ्ना नयाँ उत्पादनहरु तयार गरी सप्ताहमा प्रदर्शन गर्नुभई व्यवसायिक अवसर हासिल गर्न र व्यापार व्यवसाय प्रवर्द्धन गर्नु हुन सम्पूर्ण सदस्य महानुभावहरुमा सूचित गरिन्छ । सो कार्यक्रममा सहभागी हुन ईच्छुक सदस्य महानुभावहरुले २०६७ भाद्र १५ गते (August 31, 2010) सम्ममा आवेदन फाराम भरी रु. १,०००/(सदस्य) र रु. १,५००/(गैर सदस्य) शुल्क सहित महासंघमा बुझाई समयमै आफ्नो स्टल सुरक्षित गर्नु हुन हार्दिक अनुरोध गरिन्छ ।

**थप जानकारीको लागि सम्पर्क व्यक्ति/ठेगाना :**

**कृष्णसुन्दर हाडा, फोन : ४२४४२३१/४२४५४६७ ईमेल : han@wlink.com.np, नेपाल हस्तकला महासंघ, थापाथली**

# जिल्ला हस्तकला संघ तथा वस्तुगत संघका गतिविधिहरु

## नेपाल पश्मिना उद्योग संघ

### नेपाल पश्मिना उद्योग संघमा नयाँ नेतृत्व

नेपाली पश्मिना उद्योग व्यवसायको विकास एवं प्रबर्द्धनमा समर्पित एवं यस महासंघको वस्तुगत सदस्य संघ, नेपाल पश्मिना उद्योग संघको १० औं वार्षिक साधारण सभा २०६७ साल असार ४ गते माननीय उद्योग मन्त्री श्री महेन्द्रप्रसाद यादवज्यूको प्रमुख आतिथ्यमा काठमाडौंमा सम्पन्न भयो । सो क्रममा मन्तव्य व्यक्त गर्दै उहाँले पश्मिना व्यवसायले देशको आर्थिक विकास एवं स्वरोजगार प्रबर्द्धनमा योगदान पुऱ्याउँदै आएको चर्चा गर्दै यस क्षेत्रको विकासका लागि सो संघ सशक्त रुपमा लाग्नुपर्नेमा जोड दिनुभयो । उक्त अवसरमा मन्तव्य व्यक्त गर्दै यस महासंघका अध्यक्ष विकासरत्न धाख्वाले नेपाली हस्तकला उद्योग व्यवसायको प्रबर्द्धनका लागि महासंघले निर्वाह गर्दै आएको भूमिका एवं यसको गतिविधिबारे प्रकाश पार्दै नेपाली पश्मिना क्षेत्रको प्रबर्द्धनका लागि आगामी दिनम महासंघले सक्दो पहल गर्ने बताउनु भयो । सो क्रममा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री भाष्करराज राजकर्णीकार, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष श्री सुरेन्द्रवीर मालाकार र नेपाल घरेलु तथा साना उद्योग महासंघकी अध्यक्ष श्रीमती लता प्याकुरेल लगायतका वक्ताहरुले आ-आफ्ना मन्तव्य राख्नु भएको थियो ।

संघको उक्त वार्षिक साधारण सभाबाट श्री पुष्पमान श्रेष्ठको अध्यक्षतामा आगामी ३ वर्षका लागि नयाँ कार्यसमिति गठन भएको छ। जस अनुसार सो संघको उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्ष मा क्रमश: श्री दुर्गा विक्रम थापा, श्री विजय कुमार दुगड, श्री चिरञ्जीवी काफ्ले र श्री पुरनबहादुर बाँनिया क्षेत्री निर्वाचित हुनु भएको छ । यसैगरी कार्यसमिति सदस्यहरुमा श्री शिवकुमार श्रेष्ठ, श्री कमल विष्ट, श्री कर्केनकुमार गुरुङ्ग, श्री श्रीधर खनाल, श्रीमती रीता सिंह र श्री धनप्रसाद लामिछाने चुनिनु भएको छ । अन्तमा नव निर्वाचित उपाध्यक्ष श्री दुर्गा विक्रम थापाले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## नेपाल हाते कागज संघ

### हाते कागज वस्तु सम्बन्धी क्रेता बिक्रेता भेला

नेपाली हाते कागजको व्यवसायमा संलग्न क्रेता र बिक्रेताहरुलाई एउटै थलोमा भेला गराई क्रेता र बिक्रेता बीच विद्यमान समस्याहरुको पहिचान गरी हाते कागजको गुणस्तरमा अभिबृद्धि गरी तिनको संरक्षण एवं बजार बिस्तारमा टेवा पुऱ्याउने उद्देश्यले २०६७ आषाढ ११-१२ गते नेपाल काते कागज उद्योग संघद्वारा व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रको सहकार्यमा काठमाडौंको त्रिपुरेश्वर स्थित औधोगिक व्यवसाय विकास प्रतिष्ठानमा २ दिने नेपाली हाते कागज सम्बन्धी **क्रेता बिक्रेता भेला २०६७** आयोजना गरियो । सो अवसरमा दोलखा, सिन्धुपाल्चोक, गोर्खा, धादिङ्ग, रुकुम, रोल्पा, बझाङ, प्यूठान, पाँचथर, ताप्लेजुङ, सोलुखुम्बु र बाजुरा गरी १२ वटा जिल्लाका नेपाली हाते कागज उत्पादन गर्ने २१ वटा उद्योगका कागज विक्रेताहरुले आफ्ना उत्पादनको प्रदर्शनी गरी भेलामा सहभागी भएका थिए ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक श्री रमेश कुमार श्रेष्ठज्यूको प्रमुख आतिथ्यमा एक कार्यक्रमबीच उद्घाटन सम्पन्न उक्त समारोहमा विभिन्न जिल्लाहरुमा उत्पादित हाते कागजजन्य वस्तुहरु बजार प्रबर्द्धनका लागि प्रदर्शन गरिएको थियो। सो कार्यक्रममा उल्लेख्य संख्यामा नेपाली हाते कागजका व्यवसायी एवं क्रेताहरु तथा सर्वसाधारणहरुको सहभागिता रहेको थियो । सो क्रममा सहभागीहरुले विभिन्न नेपाली हाते कागज तथा कागजजन्य वस्तुको अवलोकन गर्नुका साथै क्रेता र बिक्रेताहरुबीच व्यवसायिक सम्बन्ध स्थापित भएको थियो ।

साथै सहभागीहरुले प्रदर्शित वस्तुको अवलोकन गर्दै प्रदर्शित कागज सम्बन्धी विभिन्न जानकारी हासिल गर्नुका साथै विक्रेताहरुसँग व्यवसायिक सम्बन्ध बढाउने कार्य गरियो । यसै क्रममा विभिन्न जिल्लाहरुबाट आएका नेपाली कागज विक्रेता तथा क्रेताबीच आपसी समन्वय गराई व्यवसायिक वातावरण सृर्जना गराउने उद्देश्यले भेलाको दोश्रो दिन सहभागीहरुको उपस्थितिमा एक अन्तरकृया कार्यक्रमको समेत आयोजना गरियो । सो कार्यक्रममा काठमाडौंका करीब ४० जना हाते कागजका क्रेताहरुको सहभागिता रहेको थियो ।

# अन्तरराष्ट्रिय व्यापार मेला सम्बन्धी जानकारी

देहायका मुलुकहरुमा निम्न अन्तरराष्ट्रिय व्यापार मेलाको आयोजना हुने भएकोले सम्बन्धित क्षेत्रका इच्छुक व्यवसायीहरुले उल्लेखित मेलामा सहभागिताको लागि सम्बन्धित ठेगानामा सिधा सम्पर्क गर्न सक्नु हुनेछ ।

| Country | Particular | Adresses | Organizer (Fact Sheet) | Product Group |
|---|---|---|---|---|
| Austria | **Name of Fair**<br>**Date**<br>**Venue** | **Craft Expo**<br>October 7-10, 2010<br>Royal Exhibition Building, Carlton Gardens | Expertise Pty Ltd.<br>Melbourne, Australia<br>Fax : +61 2 9975 3707 | Arts & Crafts, Antiques etc. |
| China | **Name of Fair**<br>**Date**<br>**Venue** | **Asia Pacific Contemporary Art Fair**<br>September 9-12, 2010<br>Shanghai Exhibition Center | BF (Shanghai) Exhibition Ltd.<br>Fax : +86-21-32220338<br>E-mail : info@shcontemporary.info<br>Web: www.shcontemporary.info | Arts & Crafts, Antiques, Contemporary Arts |
| China (Hong Kong) | **Name of Fair**<br>**Date**<br>**Venue** | **FINE ART ASIA**<br>October 3-6, 2010<br>Hong Kong Convention and Exhibition Centre | Art & Antique International Fair Ltd, Hong Kong, China<br>Tel : +852-3107 0681<br>Fax : +852-3107 0680<br>E-mail : sales@aaifair.com<br>Web : www.hkiaaf.com | Arts & Crafts, Antiques of Asia |
| Germany | **Name of Fair**<br>**Date**<br>**Venue** | **The International Art Show**<br>October 7-10, 2010<br>Exhibition Grounds Messe Berlin | Messe Berlin GmbH<br>Fax : +49-30-3038-2060<br>E-mail : art@messe-berlin.de<br>Website : www1.messe-berlin.de | Art & Crafts, Cont. art, Paintings, Sculpture, Drawings, Photography |
| Germany | **Name of Fair**<br>**Date**<br>**Venue** | **Tendence Lifestyle - Int'l Frankfurt Messe**<br>August 27-31, 2010<br>Messegelaende | Messe Frankfurt GmbH<br>Fax : +49-69-7575-6433<br>E-mail :info@messefrankfurt.com<br>Web : www.tendence.com | Arts & Crafts, Gifts, Handicrafts, Houseware, Tableware, Porcelain, Glassware<br>Jewelry, Accessories |
| Germany | **Name of Fair**<br>**Date**<br>**Venue** | **Import Shop Berlin**<br>November 11-15, 2010<br>Messe Berlin | **Messe Berlin GmbH**<br>Messedamm,, Berlin, Germany<br>**Tel:**+(49)-(30)-30380009<br>**Fax:**+(49)-(30)-30382325 | Arts & Crafts, Gifts, Handicrafts, Household Items, etc. |
| Italy | **Name of Fair**<br>**Date**<br>**Venue** | **Great Antiquity Autumn Market**<br>November 18-21 2010<br>Modena Exhibition Ground | Studio Lobo<br>Fax : +39-0522-641470<br>E-mail : info@studiolobo.it<br>Web : www.7-8novecento.it | Arts & Crafts, Antiques, Jewelry, Accessories, Houseware, Tableware, Porcelain, Glassware, Paper & Paper Products etc. |
| Italy | **Name of Fair**<br>**Date**<br>**Venue** | **Salone Antiquariato**<br>November 5-14, 2010<br>Fiera Campionaria della Sardegna | Fiera Internazionale della Sardegna, Viale Armando Diaz, 221, Italy<br>Tel : +39 070 34961<br>Fax : +39 070 3496310 | Arts & Crafts, Antiques |
| Japan | **Name of Fair**<br>**Date**<br>**Venue** | **40th Niigata Antiques Fair**<br>September 3-5, 2010<br>Niigata Sangyo-Shinko Center | Niigata Antiques Fair Office<br>TEL +81-3-5996-4105<br>FAX +81-3-6767-1511<br>E-mail retorodoll-x@yahoo.co.jp | Arts & Crafts, Antiques |
| Japan | **Name of Fair**<br>**Date**<br>**Venue** | **Heiwajima Antiques Fair**<br>December 17-19, 2010<br>Heiwajima ryutu center | Kottouichi co,ltd.<br>TEL +81-3-5983-5101<br>Fax : +81-3-6767-1511<br>E-mail : retorodoll-tokyo@yahoo.co.jp<br>Web : www.kottouichi.com | Arts & Crafts, Antiques |

## अन्तरराष्ट्रिय व्यापार मेला सम्बन्धी जानकारी

| | | | | |
|---|---|---|---|---|
| Russia | **Name of Fair**<br>**Date**<br>**Venue** | **Jewellery Fashion Show**<br>December 16-19, 2010<br>Permskaya Yarmarka, Exhibition Centre | Permskaya Yarmarka, Exhibition Center,<br>65 Gagarin Boulevard<br>Tel : + 7 (342) 262-58-87<br>Fax : + 7 (342) 262-58-87 | Art & Craft, Jewelry, etc. |
| Spain | **Name of Fair**<br>**Date**<br>**Venue** | **Int'l Art And Antiques Fair**<br>October 16-24. 2010<br>Feria Valencia | FERIA VALENCIA, Valencia, Spain<br>Fax : +34-96-363-6111/96-364-4064<br>E-mail : ntiguedades@feriavalencia.com<br>Web: www.feriavalencia.com/antiguedades | Arts & Antiques, Furniture, Lamps, Ceramics, etc. |
| Spain | **Name of Fair**<br>**Date**<br>**Venue** | **International Art and Antique Fair**<br>October 20-28, 2010<br>Parque Ferial Juan Carlos | IFEMA (Feria de Madrid)<br>Fax : +34-91-722-5807<br>E-mail : feriarte@ifema.es<br>Web : www.ifema.es | Art & Craft, Antiques, Furniture, Carpets, Tapestry, Silverware, Bronze, Pottery, Sculptures, Paintings, Coins And Medals, Jewels Etc. |
| | | | | |
| Turkey | **Name of Fair**<br>**Date**<br>**Venue** | **Istanbul Art Fair**<br>Nov. 30-Dec. 7, 2010<br>Tuyap Fair, Convention Center | Tuyap Fair Convention & Congress Center,<br>Fax : +90(212) 886 93 99<br>E-mail : anilural@tuyap.com.tr<br>Web : www.istanbulartfair.com | Arts & Crafts, Paintings, Sculptures. |
| United Kingdom | **Name of Fair**<br>**Date**<br>**Venue** | **London Art Fair**<br>Janury 19-23,2011<br>Business Design Centre | Upper Street Events Ltd.<br>52, Upper Street<br>Tel : +(44)-(207)-2886419<br>Fax : +(44)-(207)-2886446 | Arts & Crafts, Antiques, Handicraft etc. |
| United Kingdom | **Name of Fair**<br>**Date**<br>**Venue** | **Stitch & Craft Show**<br>March 17-20, 2010<br>Olympia Exhibition Centre | Creative Exhibitions Ltd.,<br>Exhibition House,8 Greenwich Quay<br>Tel : 020 8692 2299<br>Fax : 020 8692 6699 | Arts & Crafts, Antiques, Handicraft etc. |
| Ukrain | **Name of Fair**<br>**Date**<br>**Venue** | **World of Gift Fair**<br>September 8-11, 2010<br>International Exhibition Centre | Parus Expo Media Ltd.<br>45 Uritskogo Str., Ukrai, Kiev<br>Tel : + 38 (044) 484 68 91<br>Fax: + 38 (044) 484 68 91 | Arts & Crafts, Giftwares, Souvenirs ofsilver, ceramic, porcelain, Fashion Accessories, Handicrafts etc. |
| USA | **Name of Fair**<br>**Date**<br>**Venue** | **Loma Home & Gift Show**<br>Dec. 4-6, 2010<br>Los Angeles Convention Center | **Loma Resources PTE Ltd.**<br>Tel : **(1) 702-5837768**<br>Email: sct@lomaresources.com | Apparels, Bridal Wear, Real & Fashion Jewelleries, Footwears, Handbags, Scarves, Stoles, Shawls, Handicrafts Etc. |
| USA | **Name of Fair**<br>**Date**<br>**Venue** | **Alaskan Gift Show**<br>Jan. 21-22, 2010<br>Dena ina Convention Center | Dee Carpenter<br>Tel : (1) 907-452-7469<br>Email: whshow-alaska@yahoo.com | Jewelry, Metalwork, Beads Prod., Apparel, Ivory, Bone Prod., Souvenirs, Prints, Paintings, Fine Art, Wooden Prod. Etc. |
| USA | **Name of Fair**<br>**Date**<br>**Venue** | **San Francisco Cash & Carry Show**<br>October 22-24, 2010<br>Concourse Exhibition Center | Western Exhibitors, LLC<br>2181 Greenwich Street<br>Fax: 415-346-4965 | Arts & Crafts, Handicraft, etc. |
| USA | **Name of Fair**<br>**Date**<br>**Venue** | **Art, Craft & LifeStyle Shows**<br>November 11-14, 2010<br>Mall at Robinson | Huff's Promotions Inc.<br>Fax: (330) 493-7607<br>Email: | Arts & Crafts, Handicraft, etc. |

**Source : Internet**

## जानकारी

# परम्परागत तथा अन्य घरेलु उद्योगहरु

नेपालमा उद्योग व्यवसायहरुको सहज एवं व्यवस्थित विकास, विस्तार एवं प्रबर्द्धनमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकार, उद्योग मन्त्रालयले हालै औद्यागिक नीति २०६७ घोषणा गरेको छ । सो नीतिमा विभिन्न उद्योगहरुको परिभाषित गरी तिनको लगानी, प्रकृति र स्वरुपका आधारमा उद्योगहरुको वर्गीकरण गरिएको छ । सो नीतिको अनुसूची ६ मा देहायका उद्योगहरुलाई परम्परागत तथा अन्य घरेलु उद्योगको रुपमा राखिएको व्यहोरा सम्बन्धित उद्यमी व्यवसायीहरुमा सूचित गरिछ ।

## अनुसूची-६

(दफा १२.३.२ सँग सम्बन्धित)

## परम्परागत तथा अन्य घरेलु उद्योगहरु

१. ह्याण्ड लूम, पेडल लूम, सेमी–अटोमेटिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई (तयारी पोशाक बाहेक) र बुनाई ।
२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी पाखी, गलैंचा, पश्मिना, पोशाक ।
३. हातेकागज र सोमा आधारित वस्तु ।
४. परम्परागत कलामा आधारित वस्तु (Filigree and Ornamental Items based on Traditional Crafts) ।
५. परम्परागत मूर्तिकला ।
६. तामा, पित्तल, ढलौट, कांस र जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भांडावर्तन तथा हस्तकलाका सामान ।
७. फलामबाट बनेका हस्तनिर्मित भांडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हंसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु ।
८. सुन चांदीबाट हस्तनिर्मित गर गहना, वस्तु, भांडा वर्तनहरु (बहुमूल्य, अर्ध वहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत) ।
९. स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग ।
१०. ग्रामीण ट्यानिङ्ग/छालबाट हस्त निर्मित वस्तुहरु ।
११. जुट, सवाइ घाँस, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग ।
१२. पत्थरकला (ढुंगा कुंदी बनाइएका सामानहरु) ।
१३. पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला ।
१४. मुकुण्डो (Mask) तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना ।
१५. परम्परागत संस्कृति, वाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु ।
१६. काठ, हाड, सिङ्ग तथा माटो, चट्टान र खनीजका कलात्मक वस्तुहरु ।
१७. सेरामिक्स तथा माटाका भाँडाकुँडा ।

(**नोट :** परम्परागत घरेलु उद्योगको हकमा १० किलो वाट भन्दा बढी विद्युत शक्ति क्षमता भएको हुनु हुँदैन ।
**श्रोत:** औद्योगिक नीति, २०६७, नेपाल सरकार )

## हस्तकला गतिविधि, लेख तथा उपयोगी जानकारी उपलब्ध गराउने सम्बन्धी सूचना

हस्तकला उद्योग व्यवसायको विकास एवं प्रबर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले नेपाल हस्तकला महासंघद्वारा समयसापेक्ष कार्य गर्नुका साथै विविध गतिविधिहरु संचालन गर्दै आएको सबैमा विदितै छ । हस्तकला सम्बन्धी समसामयिक गतिविधिबारे आफ्ना सदस्यहरु लगायत समस्त हस्तकला उद्यमी व्यवसायीहरुलाई सुसूचित गरी व्यवसाय प्रबर्द्धनमा सहयोग पुगोस भन्ने उद्देश्यले महासंघद्वारा **हस्तकला समाचार** मासिक रुपमा र Craft News त्रैमासिक रुपमा प्रकाशन गर्दै आएको छ । अत: यी प्रकाशनलाई अझ उपयोगी एवं जानकारीमूलक बनाउन यहाँहरुसंग हस्तकला सम्बन्धी समसायिक सूचना, सिर्जना, लेख, जानकारी एवं उपयोगी सामाग्रीहरु कुनै भएमा यस महासंघलाई उपलब्ध गराई दिनुहुन सदस्य महानुभावहरु लगायत सम्बद्ध सबैमा महासंघ हार्दिक अनुरोध गर्दछ ।

साथै महासंघमा आबद्ध संस्थागत जिल्ला हस्तकला संघ एवं वस्तुगत संघहरुले पनि आ-आफ्ना संघका समसामयिक प्रबर्द्धनात्मक गतिविधि सम्बन्धी जानकारीहरु समयमा यस महासंघमा उपलब्ध गराईदिनु हुन सम्बन्धित सबैमा विनम्र अनुरोध गरिन्छ ।


## महासंघको प्रकाशनहरू

| | | |
|---|---|---|
| 1. | The Iconography of Nepalese Buddhism | US$ 10.00 |
| 2. | The Iconography of Nepalese Buddhism (German) | US$ 15.00 |
| 3. | Short Description of Gods & Goddesses | US$ 03.00 |
| 4. | Product Catalogue (8 Sheets per set) | US$ 03.00 |
| 5. | Artistic Heritage of Nepal | US$ 10.00 |
| 6. | Sacred Art of Nepal | US$ 30.00 |
| | (All price include mailing charges) | |


To,


*प्रकाशक:*

**नेपाल हस्तकला महासंघ**
पो.व.नं. ७८४, उपमामार्ग, थापाथली
काठमाडौं, नेपाल
फोन : ४२४३०१५, ४२४४२३१, ४२४५४६७
फ्याक्स: ९७७–१–४२२२९४०
E mail: han @ wlink.com.np
URL: www.nepalhandicraft.org.np

**सम्पादक**
देबराज बज्राचार्य, ऋषिराज सुवेदी